# उच्च शिक्षाबारे छापाको कभरेज : संक्षिप्त टिप्पणी

**देवेन्द्र उप्रेती, लोकरञ्जन पराजुली र प्रत्यूष वन्त**

सन् १९९० को राजनीतिक परिवर्तनपछि नेपाली मिडिया क्षेत्रमा ठूलै परिवर्तन आएको छ । छापा, रेडियो तथा टेलिभिजनका क्षेत्रमा अभूतपूर्व विस्तार भएको छ भने इन्टरनेटमा आधारित 'न्यूजपोर्टल'का संख्या पनि दिनानुदिन बढ्दैछन् । मिडिया क्षेत्रको विकास र विस्तारसँगै केही सामाजिक, राजनीतिक मुद्दा या विषयलाई पनि यसले प्रभावित तुल्याउने देखिएको छ । तथापि, प्रविधि तथा परिमाणमा जुन मात्रामा प्रगति देखिन्छ सो अनुपातमा गुणात्मक परिवर्तन भएको महशुस हुँदैन ।

मिडिया क्षेत्रको विस्तारसँगै तिनमा विभिन्न विषय या विधा हेर्नका लागि छुट्टै (बिट) रिपोर्टरको व्यवस्था हुन थालेको छ । अन्य मिडियामा भन्दा मूलतः मूलधारे भनिने व्यापारिक छापामा यो प्रस्ट देखिन्छ । र, छापाले छुट्ट्याएका त्यस्ता बिटमध्ये शिक्षा पनि एक हो । खास गरी ठूला छापा या ब्रोडशिट दैनिकमा शिक्षा क्षेत्र हेर्ने गरी कतिपय पत्रपत्रिकाले बिट छुट्ट्याएका छन् ।[१] त्यस्तै, शिक्षालाई केन्द्रमा राखेर पत्रकारिता गर्नेहरूले शिक्षा पत्रकार समूह नाउँमा संगठनसमेत बनाएका छन् ।[२] शिक्षा क्षेत्रमै केन्द्रित भई व्यावसायिक म्यागेजिनसमेत प्रकाशन हुन थालेका छन् ।[३] नेपालको वार्षिक बजेटको उल्लेख्य (करिब १५

[१] बिट रिपोर्टिङबारे भएका अनुसन्धानले नेपाली मिडियामा शिक्षा, अर्थ, कला, स्वास्थ्य र खेलकूद बिटका लागि निश्चित पृष्ठ/स्थान छुट्ट्याउने प्रचलन बढे पनि प्रकाशन गृहहरूसँग बिट रिपोर्टरहरूको दक्षता अभिवृद्धि गर्ने कुनै योजना वा कार्यक्रम नभएको तर्क गरेका छन् (घिमिरे २०६४, राई २०६५) । त्यसै गरी यी अनुसन्धानमा विषयवस्तुको विविधताभन्दा पनि घटनाप्रधान समाचारलाई बढी स्थान दिएको निचोड पाइन्छ (घिमिरे २०७१, तिवारी २०७१) ।

[२] यो संस्था सन् २००० मा स्थापना भएको हो । यसबारे थप जान्नका लागि हेर्नुहोस् http://www.ejg.org.np/index

[३] शिक्षा क्षेत्रमा सरोकार राखेर सन् २००८ देखि प्रकाशन गरिएको विशिष्ट विधागत पत्रिका *शिक्षक* म्यागेजिन छोटै समयमा लोकप्रिय भएको छ । मूलतः विद्यालय शिक्षामा केन्द्रित यो म्यागेजिनले क्रमशः उच्च शिक्षामा पनि ध्यान दिन थालेको पाइन्छ । सुरूका दुई वर्षमा प्रकाशित अंकहरूको विश्लेषणका लागि वन्त (२०६७) हेर्नुहोस् । थप जानकारीका लागि http://teacher.org.np/ हेर्नुहोस् । सरकारी तवरबाट शिक्षालाई केन्द्रमा राखी म्यागेजिन प्रकाशन भएको राणा कालमै हो । खास गरी पद्म शम्शेरको पालामा नेपालले आधार शिक्षा सुरु गरेपछि शिक्षा विभागको मुखपत्रको रूपमा *नेपाल शिक्षा* नामक म्यागेजिन प्रकाशन हुन थालेको थियो ।

प्रतिशत) हिस्सा खर्च हुने यो क्षेत्रलाई विशेष महत्ता दिई निगरानी गर्नु अपेक्षित र स्वागतयोग्य हो ।[४] यद्यपि, नेपाली पत्रपत्रिका र शिक्षा पत्रकार समूहको पनि मूल सरोकार विद्यालय शिक्षा जस्तो देखिन्छ; तिनले उच्च शिक्षाका मूल विषयलाई खासै चासोसाथ समेटेको देखिँदैन ।[५]

मूलधारका नेपाली पत्रपत्रिकामा उच्च शिक्षा क्षेत्र प्राथमिकतामा नपरे पनि पछिल्लो एक वर्ष (२०७१-२०७२) को समयमा यो क्षेत्रबारे प्रकाशन भएका सामग्री उल्लेख्य संख्यामा छन् ।[६] यद्यपि, विविधता र गहनताका हिसाबले ती कमजोर छन् । मेडिकल कलेजको सम्बन्धन, या विश्वविद्यालय (नेतृत्व चयन) मा राजनीतिक हस्तक्षेप, आदिबारे यो अवधिमा छापाले ठूलै संख्यामा सामग्री पस्किएर महत्त्वपूर्ण मुद्दा उठाए । तथापि, उच्च शिक्षा क्षेत्रमा नेपाली छापाको कभरेजलाई हेर्दा सन्तोष मान्ने ठाउँ देखिन्न । धेरै कभरेज पाएका दुई मुद्दाकै कुरा गर्ने हो भने पनि ती मुद्दा पत्रपत्रिका स्वयंले खोजी गरेर बहसमा ल्याएका होइनन्, ती खासमा घटना-केन्द्रित रिपोर्टिङ हुन् । उदाहरणका लागि मेडिकल शिक्षामा भएका अनियमितता विरूद्ध डा. गोविन्द केसी निरन्तर अनशन बसेका र उनले उठाएका मुद्दाको छेउछाउ रहेर यो विषयमा विभिन्न सामग्री प्रकाशन भएका छन् ।[७] त्यस्तै, मुलुकभरकै विश्वविद्यालयमा नयाँ नेतृत्व चयन हुने समय वरपर विश्वविद्यालयमा राजनीतिक नियुक्तिबारे समाचार र अन्य सामग्री प्रकाशन भएका पाइन्छन् । तर, यीबाहेकका उच्च शिक्षाका अन्य महत्त्वपूर्ण मुद्दामा संख्यात्मक वा गुणात्मक दुवै हिसाबले छापाले ध्यान दिएनन् भन्ने तर्क यो लेखमा गरिएको छ ।

[४] बेकर (सन् १९९४) ले सन् १९८० को दशकको अन्त्यतिर मात्रै बिबिसी टेलिभिजनले शिक्षा बिट हेर्न रिपोर्टर राखेको उल्लेख गरेका छन् । उनका अनुसार बेलायतमा त्यसअघि शिक्षा बिट खासै प्राथमिकतामा पर्दैनथ्यो ।

[५] नेपाली छापामा खास गरी उच्चमाध्यमिक शिक्षा र क्याम्पसको कभरेज समयविशेषमा बढी देखिन्छ । खास गरी नयाँ भर्ना प्रक्रिया सुरु हुने समयमा विभिन्न पत्रिकाले उत्कृष्ट दश विद्यालय, क्याम्पस वा ए लेभल पढाउने शिक्षा संस्थाबारे ठुलठुला सामग्री प्रकाशन गरेको पाइन्छ । तर, त्यस्ता सामग्रीमध्ये कति पत्रकारिता हुन् र ती कति विज्ञापन नभनी छापिएका 'एड्भर्टोरियल' सामग्री हुन् भन्ने छुट्ट्याउन भने सहज छैन ।

[६] मार्टिन चौतारीले अप्रिल २०१४ बाट पत्रपत्रिकामा उच्च शिक्षाबारे प्रकाशित सामग्रीलाई संकलन गरेको छ । संकलनमा संलग्नहरूले दिएको जानकारीअनुसार नेपाली छापामा प्रत्येक दिन ३ देखि १० ओटासम्म शिक्षासम्बन्धी सामग्री प्रकाशित हुन्छन् ।

[७] खोज पत्रकारिता केन्द्रमार्फत भएका 'मेडिकल माफिया'सम्बन्धी खोजी-रिपोर्ट अपवाद हुन् । हेर्नुहोस् http://www.cijnepal.org.np/index.php?option=com_content&view=article&id=127:2015-08-31-09-30-31&catid=2:uncategorised&Itemid=102; १५ सेप्टेम्बर २०१५ मा हेरिएको ।

यो लेखमा उठाइएको तर्कलाई पुष्टि गर्न विश्व बैंकको ऋण सहयोगमा हालै सञ्चालनमा आएको उच्च शिक्षा सुधार परियोजना (सन् २०१५–२०२०) र विश्वविद्यालय अनुदान आयोगले २०७१ वैशाखमा थप कार्यार्थ शिक्षा मन्त्रालयमा पेश गरेको 'उच्च शिक्षा नीतिको प्रस्तावना' (उच्च शिक्षा नीति) सम्बन्धमा छापाहरूले उत्पादन गरेका सामग्रीलाई नमूना अध्ययन (केस स्टडी) गरिएको छ । अमेरिकी डलर ६.५ करोड लागतको उच्च शिक्षा सुधार परियोजना यसअघि विश्व बैंकको सहयोगमा सञ्चालित (पहिलो) उच्च शिक्षा परियोजना (सन् १९९४–२००१) र दोस्रो उच्च शिक्षा परियोजना (सन् २००७–२०१४) कै निरन्तरता हो ।[८] उच्च शिक्षा नीति चाहिँ दोस्रो उच्च शिक्षा परियोजनाको आर्थिक/प्राविधिक सहयोगमा विश्वविद्यालय अनुदान आयोगले तयार गरेको प्रस्तावित दस्तावेज हो । यो नीतिलाई पनि दोस्रो उच्च शिक्षा परियोजनाकै उपज मान्नुपर्ने हुन्छ (द वर्ल्ड बैंक सन् २०१४) । उच्च शिक्षा नीति विचाराधीन रहेकै अवस्थामा सोको आधारमा बन्नुपर्ने 'उच्च शिक्षा सुधार तथा विकासको राष्ट्रिय कार्यक्रम' भने तयार भई कार्यान्वयनमा समेत आइसकेको छ । र, पछिल्लो उच्च शिक्षा सुधार परियोजनाको लक्ष्य सोही कार्यक्रमलाई कार्यान्वयन गर्ने हो । त्यसैले, यो परियोजनाको कार्यान्वयन र यसको सफलता/असफलताले उच्च शिक्षाको स्वरूपलाई धेरै हदसम्म प्रभावित र दिशानिर्देश गर्छ । तर, यी दुवै महत्त्वपूर्ण कार्यक्रम या नीतिप्रति नेपाली छापाले खासै ध्यान दिएको देखिँदैन ।

मे २०१४ देखि उच्च शिक्षाका केही पक्षमा केन्द्रित रही मार्टिन चौतारीले अध्ययन, अनुसन्धान गर्दैआएको छ । सोही क्रममा नेपाली छापाले उच्च शिक्षाबारे उत्पादन गरेका सामग्री, विशेष गरी समाचार, फिचरलेख र सम्पादकीयमा हाम्रो चासो रह्यो । यो लेखमा उच्च शिक्षाबारे छापामा आएका मूलतः समाचार-सामग्रीमा आधारित रही छोटो र प्रारम्भिक टिप्पणी गरिएको छ । यो लेखका लागि उच्च शिक्षामा दुई प्रमुख तर अन्तर्सम्बन्धित : उच्च शिक्षा सुधार परियोजना र (प्रस्तावित) उच्च शिक्षा नीतिबारे काठमाडौँबाट नेपाली र अंग्रेजी भाषामा प्रकाशित हुने राष्ट्रिय दैनिक – *कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट, गोरखापत्र,*

[८] नेपालको अर्थ मन्त्रालयले ६ अप्रिल २०१५ मा सार्वजनिक गरेको प्रेस वक्तव्यमा विश्व बैंकले उच्च शिक्षा सुधार र विकासका लागि राष्ट्रिय कार्यक्रम कार्यान्वयन गर्न ६.५ करोड अमेरिकी डलरको सहुलियत ऋण प्रदान गर्न लागेको उल्लेख छ । वक्तव्यले यो परियोजनालाई दोस्रो उच्च शिक्षा परियोजनाकै निरन्तरता मानेको छ । हेर्नुहोस् http://www.mof.gov.np/uploads/news/file/6April2015_20150406100923.pdf; १५ जुन २०१५ मा हेरिएको ।

तथा *द काठमाण्डू पोष्ट, रिपब्लिका, द हिमालयन टाइम्स* र *द राइजिङ नेपाल*का कभरेजलाई विश्लेषण गरिएको छ ।

## नमूना अध्ययन एक : उच्च शिक्षा सुधार परियोजना

१९ फेब्रुअरी २०१५ मा वासिङ्टन डिसीस्थित विश्व बैंकको केन्द्रीय कार्यालयले नेपालको उच्च शिक्षा सुधारका लागि ६.५ करोड अमेरिकी डलरको सहुलियत ऋण नेपाल सरकारलाई उपलब्ध गराउने प्रेस वक्तव्य सार्वजनिक गऱ्यो ।[९] नेपालका अंग्रेजी दैनिक *द काठमाण्डू पोष्ट* र *रिपब्लिका*ले २० फेब्रुअरी २०१५ मा आ–आफ्ना अनलाइन संस्करणमा उक्त वक्तव्यलाई समाचारका रूपमा प्रकाशित गरे ।[१०] अंग्रेजी दैनिक *द हिमालयन टाइम्स* र *द राइजिङ नेपाल*को अनलाइन संस्करणमा भने उक्त वक्तव्यले स्थान पाएको देखिँदैन । २१ फेब्रुअरीका छापा संस्करणमा *द काठमाण्डू पोष्ट* र *द हिमालयन टाइम्स*ले तथा २२ फेब्रुअरीको *द राइजिङ नेपाल*ले विश्व बैंकको केन्द्रीय कार्यालयबाट प्रेषित सो वक्तव्यलाई स्थान दिए । *द राइजिङ नेपाल*ले ए स्टाफ रिपोर्टर, *द हिमालयन टाइम्स*ले हिमालयन न्युज सर्भिस र *द काठमाण्डू पोष्ट*ले पोष्ट रिपोर्टको नाउँमा सो समाचार छापेका थिए (द राइजिङ नेपाल सन् २०१५ए, द काठमाण्डू पोष्ट सन् २०१५, द हिमालयन टाइम्स सन् २०१५) । अध्ययनका लागि छानिएका नेपाली भाषी पत्रिका – *कान्तिपुर, नागरिक, अन्नपूर्ण पोष्ट* र *गोरखापत्र*ले यो वक्तव्यलाई स्थान दिएको देखिँदैन ।

विश्व बैंकले नेपाल सरकारलाई उच्च शिक्षा सुधार परियोजनाका लागि दिने भनेको ६.५ करोड अमेरिकी डलर सहुलियत ऋणसम्बन्धी सहमतिमा अन्ततः ६ अप्रिल २०१५ मा हस्ताक्षर गरियो । सहमति पत्रमा नेपालको अर्थ मन्त्रालयका तर्फबाट तत्कालीन सचिव सुमनप्रसाद शर्मा र विश्व बैंकका तर्फबाट नेपाल कन्ट्री मेनेजर ताकुया कामाताले सही गरेका थिए । हस्ताक्षरपश्चात् सोही दिन अर्थ मन्त्रालयले प्रेस वक्तव्य जारी गऱ्यो जसमा सो परियोजना दोस्रो उच्च शिक्षा परियोजनाको निरन्तरता भएको र यसको कार्यान्वयन विश्वविद्यालय अनुदान

[९] हेर्नुहोस्, http://www.worldbank.org/en/news/press-release/2015/02/19/world-bank-approves-financing-for-nepal-higher-education-reforms-project; १४ जुन २०१५ मा हेरिएको ।

[१०] हेर्नुहोस्, http://kathmandupost.ekantipur.com/printedition/news/2015-02-20/world-bank-loan-for-higher-education-reform-project.html; http://myrepublica.com/portal/index.php?action=news_details&news_id=92590; १५ जुन २०१५ मा हेरिएको ।

आयोग, त्रिभुवन विश्वविद्यालय, विद्यार्थी वित्तीय सहयोग विकास कोषले गर्ने उल्लेख थियो । वक्तव्यमा जनाइएअनुसार उच्च शिक्षा सुधार तथा विकासको राष्ट्रिय कार्यक्रमलाई सहुलियत दरको ऋण सहयोग गर्नु यो परियोजनाको प्रमुख उद्देश्य थियो ।[११] उच्च शिक्षा सुधारका निम्ति विश्व बैंक र नेपाल सरकारबीच भएको यस औपचारिक सहमतिलाई अध्ययन गरिएका कुनै पनि पत्रिकाले समेटेको पाइएन ।

उच्च शिक्षा सुधार परियोजना (सन् २०१५–२०२०) सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगले ११ जुन २०१५ मा छलफल कार्यक्रम आयोजना गर्‍यो ।[१२] कार्यक्रमको एउटा उद्देश्य परियोजनालाई सार्वजनिक गर्नु थियो । विभिन्न विश्वविद्यालयका पदाधिकारी, राष्ट्रिय योजना आयोग, शिक्षा तथा अर्थ मन्त्रालयका प्रतिनिधि, विश्वविद्यालयका प्राध्यापक, विश्वविद्यालय अनुदान आयोगका वर्तमान तथा पूर्व पदाधिकारी र नेपालस्थित विश्व बैंकका कन्ट्री म्यानेजरसहित उच्च शिक्षा परियोजनामा संलग्न सदस्य कार्यक्रममा सम्मिलित थिए । सो कार्यक्रममा आधारित रही *अन्नपूर्ण पोष्टले* 'उच्चशिक्षा सुधार्न पाँचवर्षे परियोजना' शीर्षकमा (अन्नपूर्ण पोष्ट सन् २०१५), *कान्तिपुर* र *नागरिकले* 'उच्च शिक्षा सुधार परियोजना सुरु' शीर्षकमा (कान्तिपुर सन् २०१५, नागरिक सन् २०१५ ) र *गोरखापत्रले* 'उच्च शिक्षा सुधार परियोजना' शीर्षकमा (गोरखापत्र सन् २०१५) छोटा–छोटा समाचार प्रकाशन गरे । अंग्रेजी पत्रिकामध्ये *द राइजिङ नेपालले* मात्र 'हाइएर एजुकेसन प्रोजेक्ट लञ्च्ड' शीर्षकमा एक कोलमको समाचार प्रकाशित गर्‍यो (द राइजिङ नेपाल सन् २०१५बी) ।

उच्च शिक्षा सुधार परियोजनाबारे पत्रपत्रिकाको कभरेजको प्रकृति र प्रवृत्ति केलाउँदा 'प्रेस वक्तव्य पत्रकारिता'को प्रचुरता देखिन्छ । यस्तो पत्रकारितामा विभिन्न संघसंस्थाबाट जारी भएका वक्तव्यलाई पत्रिकाले सामान्य परिमार्जन गरी या हुबहु प्रकाशित गर्ने गरेको पाइन्छ । १९ फेब्रुअरी २०१५ मा उच्च शिक्षा सुधार परियोजनाबारे विश्व बैंकले जारी गरेको माथि उल्लेख भैसकेको प्रेस वक्तव्य यस्तै एउटा उदाहरण हो । सो वक्तव्यलाई *द काठमाण्डू पोष्ट, द हिमालयन टाइम्स* र *द राइजिङ नेपालले* हुबहु प्रकाशित गरेका छन् (हेर्नुहोस् द वर्ल्ड बैंक सन्

[११] हेर्नुहोस्, http://www.mof.gov.np/uploads/news/file/6April2015_20150406100923.pdf; १५ जुन २०१५ मा हेरिएको ।

[१२] २५ अप्रिल २०१५ को विनाशकारी भूकम्पले गर्दा अप्रिलको अन्तिम साताको लागि तय गरिएको उक्त कार्यक्रम सरेर ११ जुनमा पुगेको थियो ।

२०१५; अनुसूची १) । ती पत्रिकाले सो सामग्रीसँग प्रत्यक्ष सरोकार राख्ने निकाय, संस्थासम्बद्ध वा विज्ञ कसैसँग सम्पर्क गर्न आवश्यक ठानेनन्, न सो वक्तव्यमा जनाइएको परियोजनाबारे त्यसपछि थप कुनै रिपोर्टिङ भयो । अध्ययनका लागि छनोट गरिएका पत्रिकामा १९ फेब्रुअरीयता यो परियोजनाबारे प्रकाशित भएका कुनै पनि रिपोर्टमा यो परियोजना यसअघि विश्व बैंकको आर्थिक सहयोगमा सम्पन्न भैसकेका (पहिलो) उच्च शिक्षा परियोजना (सन् १९९४–२००१) र दोस्रो उच्च शिक्षा परियोजना (सन् २००७–२०१४) को निरन्तरता हो भन्ने जानकारी पाइन्न । विश्व बैंकको सहयोगमा उच्च शिक्षा सुधारमा पहिलोपल्ट यस्तो परियोजना सुरु भएको हो भनेजसरी ती समाचार आएका छन् ।

सन् १९९० को राजनीतिक परिवर्तनपछि नेपालको उच्च शिक्षा क्षेत्रमा जेजति सुधार गर्न खोजिएको छ, ती सबै परियोजनामार्फत भएका छन् । र, ती परियोजनामा सहयोग गर्ने मुख्य दाता विश्व बैंक देखिएको छ । सन् १९९२ मा नेपालको उच्च शिक्षासम्बन्धमा र खास गरी त्रिविलाई केन्द्रमा राखी अध्ययन गर्न विश्व बैंक, युएनडिपी र नेपाल सरकार मिलेर एउटा परियोजना (सन् १९९२–१९९५) सुरु गरे । प्राध्यापक कमलप्रकाश मल्लको संयोजकत्वको उक्त परियोजनाले नेपालको उच्च शिक्षा या तत्कालीन अवस्थामा मूलतः त्रिभुवन विश्वविद्यालय सुधारका लागि विभिन्न अध्ययन गरी प्रतिवेदन पेश गऱ्यो (मल्ल सन् १९९५) । मल्ल संयोजक भएको परियोजनाका अध्ययन, विश्लेषणमा आधारित रहँदै सोही परियोजनाले पहिचान गरेका उच्च शिक्षा (या त्रिविका) समस्यामा केन्द्रित रही तिनमा सुधार ल्याउने नाउँमा नेपाल सरकार र विश्व बैंकबीच सन् १९९३ मा (पहिलो) उच्च शिक्षा परियोजना (सन् १९९४-२००१) को सम्झौता भयो । त्रिवि र सरकारका तर्फबाट विश्व बैंक (या आइडिए) लाई प्रस्तुत गरिएको परियोजनाको 'पोलिसी स्टेट्मेन्ट'मा त्रिवि (र सरकार पनि) ले अध्ययन संस्थान, संकाय, अनुसन्धान केन्द्र र क्याम्पसहरूलाई विकेन्द्रीकरणमा लैजाने, क्षेत्रीय विश्वविद्यालयको विकास गर्नका लागि क्लष्टर कार्यक्रम सुरु गर्ने र आन्तरिक स्रोतको परिचालन गर्दै उच्च शिक्षामा 'कस्ट सेयरिङ र कस्ट रिकभरी' नीति लागू गर्ने उल्लेख छ (द वर्ल्ड बैंक सन् १९९३) ।

पहिलो उच्च शिक्षा परियोजनाअन्तर्गत त्रिविलाई विकेन्द्रीकरण गर्ने लक्ष्यका साथ यी सहयोग कार्यक्रम परिचालन भएका थिए ।[१३] सोहीअनुरूप पहिलो उच्च

[१३] विश्व बैंकको लगानीमा सुरु भएको पहिलो उच्च शिक्षा परियोजना (सन् १९९४-२००१) २ करोड अमेरिकन डलरको थियो (द वर्ल्ड बैंक सन् २००२) ।

शिक्षा परियोजनाले त्रिवि विकेन्द्रीकरण नियम, २०५५ लाई संस्थागत गर्न सहयोग गर्‍यो । सोही विकेन्द्रीकरण नियममा टेकेर परियोजना अवधिभर त्रिविका २४ ओटा आंगिक क्याम्पस विकेन्द्रीकृत गरिए । यद्यपि विकेन्द्रीकृत भएका र नभएका क्याम्पसका हकमा तात्त्विक संरचनात्मक भिन्नता देखिँदैन । विकेन्द्रित क्याम्पस पनि व्यवहारतः न अध्यापक या कर्मचारी नियुक्ति तथा बर्खास्त गर्न न व्यवस्थापकीय हिसाबले नै स्वायत्त छन् । प्राज्ञिक स्वायत्तता त झन् टाढाको कुरा भयो । यो परियोजनाको अर्को महत्त्वपूर्ण पक्ष क्षेत्रीय क्लष्टर विकास (रिजनल क्लष्टर डेभलप्मेन्ट) थियो, जसअन्तर्गत दुइटा क्षेत्रीय क्याम्पसको क्लष्टर निर्माण गर्ने लक्ष्य थियो । क्लष्टरलाई नेतृत्व गर्ने क्याम्पस अन्ततः छुट्टै क्षेत्रीय विश्वविद्यालयमा रूपान्तरित हुने ठानिएको थियो । पूर्वाञ्चल र पश्चिमाञ्चलमा दुइटा क्लष्टर निर्माण गरिने भने पनि अन्ततः पश्चिमाञ्चलमा मात्रै कार्यक्रम सुरु भयो । र, थुप्रै बाधा–अड्चन बेहोरेर दोस्रो चरणसम्म पुगेर क्लष्टर कार्यक्रम सन् १९९९ मा पूर्ण रूपमा त्यागियो (द वर्ल्ड बैंक सन् २००२; पराजुली, उप्रेती र वन्त २०७२ र मार्टिन चौतारी २०७२) ।

पहिलो परियोजना समाप्तिको करिब पाँच वर्षपछि विश्व बैंककै सहयोग लिएर दोस्रो उच्च शिक्षा परियोजना (सन् २००७–२०१४) लागू गरियो । प्रभावकारी व्यवस्थापन एवं प्राज्ञिक संस्थाहरूको वित्तीय 'सस्टेनेबिलिटी' अभिवृद्धि गर्ने लक्ष्य लिएको यो परियोजनाका चार ओटा अवयव थिए, जसमध्ये सबैभन्दा ठूलो हिस्सा सुधार अनुदान (रिफर्म ग्रान्ट) ले ओगटेको थियो ।[१४] यसअन्तर्गत त्रिविका थप आंगिक क्याम्पसलाई विकेन्द्रित गर्ने र छ ओटा क्याम्पसलाई स्वायत्तता प्रदान गर्ने लक्ष्य राखिएको थियो । त्यसबाहेक, ऐतिहासिक रूपमा उच्च शिक्षामा पहुँच नपुगेका समुदायका विद्यार्थीलाई फेलोशिप या (विद्यार्थी वृत्ति) तथा क्याम्पसहरूको गुणस्तर सुधारका लागि पनि कार्यक्रम राखिएको थियो । परियोजनाको ठूलो हिस्सा रहेको सुधार कार्यक्रम लागू गर्न त्रिविले स्वायत्ततासम्बन्धी नियम, २०६२ बनाई जारी गरेको थियो । तर दोस्रो उच्च शिक्षा परियोजनाले अपेक्षित गति लिएन र फेब्रुअरी २०१० मा सम्पन्न मध्यावधि मूल्यांकनपश्चात् यसलाई पुनःसंरचित (रिस्ट्रक्चरिङ) गरियो (द वर्ल्ड बैंक सन् २०१२) । परियोजना सम्पन्न प्रतिवेदनमा विश्व बैंकले दोस्रो उच्च शिक्षा परियोजनालाई सन्तोषजनक

[१४] सुधार अनुदानका लागि अमेरिकी डलर ४ करोड छुट्ट्याइएको थियो, जुन विश्व बैंकको यो परियोजनामा समग्र योगदानको दुई तिहाई हिस्सा हो (द वर्ल्ड बैंक सन् २००७) ।

उल्लेख (द वर्ल्ड बैंक सन् २०१४) भए पनि खासमा उक्त परियोजना पनि आफ्नो उद्देश्य प्राप्त गर्न खासै सफल भएको पाइँदैन ।[१५]

यी सबै सूचनाहरू सार्वजनिक वृत्तमा रहेको अवस्थामा नेपाल सरकार र विश्व बैंकका बीचमा भएको पछिल्लो उच्च शिक्षा सुधार परियोजना (सन् २०१५–२०२०) बारे रिपोर्टिङ गर्न प्रशस्त खुराक थियो । विगतका परियोजनाका उपलब्धि समीक्षा हुनसक्थे । उदाहरणका लागि, पहिलो र दोस्रो परियोजनाका प्रमुख हिस्सा रहेका विकेन्द्रीकरण र स्वायत्ततासम्बन्धी कार्यक्रमलाई केलाउन सकिन्थ्यो । विश्व बैंकले यी दुवैलाई सफल भनेको छ, तर व्यावहारिक हिसाबले केलाउँदा तिनको तात्विक उपलब्धि नगण्य छ (मार्टिन चौतारी २०७२) । त्यस्तै, बहिष्कृत र पछाडि पारिएका समूहका विद्यार्थीलाई प्रदान गरिने भनिएका वृत्ति वा कलेजहरूलाई गुणस्तर सुधार एवं प्रत्यायन (क्वालिटि एस्योरेन्स एण्ड एक्रेडिएशन) गर्ने भनिएका कार्यक्रमको प्रभावकारिता खोतल्न सकिन्थ्यो । र, यी विगतका परियोजनालाई ऐतिहासिक सन्दर्भ बनाउँदै या तिनको (अ)सफलताको आलोकमा नयाँ परियोजनाबारे समीक्षात्मक र विश्लेषणमूलक सामग्री तयार गर्न तथा परियोजनाकेन्द्रित उच्च शिक्षा सुधार प्रयत्नलाई बहस र छलफलको विषय बनाउन सकिन्थ्यो । तर, नेपाली छापाले त्यसो गर्न चाहेको र सकेको संकेत पाइँदैन न सार्वजनिक रूपमा उपलब्ध परियोजनासम्बन्धी प्रतिवेदनको अध्ययन गरेको कुनै छनक रिपोर्टिङमा देखिन्छ ।

## नमुना अध्ययन दुई : प्रस्तावित उच्च शिक्षा नीति

माथि उल्लेख भए झैँ २०१० फेब्रुअरीमा दोस्रो उच्च शिक्षा परियोजनाको मध्यावधि मूल्यांकन गरियो । मूल्यांकनमा यो परियोजनालाई 'मोडरेट्ली अनस्याटिस्फेक्टरी' (औषतमा सन्तोषजनक नभएको) भनियो (द वर्ल्ड बैंक सन् २०१४) । मध्यावधि मूल्यांकनपछि परियोजनालाई पुनःसंरचना गर्दै 'उच्च शिक्षा नीति' तर्जुमा गर्ने कार्यलाई पनि परियोजनामा समावेश गरियो ।[१६] सोहीअनुसार सन् २०१२ मा 'उच्च शिक्षा नीति' तर्जुमाका लागि विश्वविद्यालय अनुदान आयोगका तत्कालीन अध्यक्ष गणेशमान गुरूङको अध्यक्षतामा २२ सदस्यीय समिति गठन गरिएको

[१५] उच्च शिक्षा परियोजनाका सफलता, असफलताबारे थप जानकारीका लागि हेर्नुहोस्, रिपब्लिका (सन् २०१०), राई (सन् २०११), मार्टिन चौतारी (२०७२), आदि ।

[१६] दोस्रो उच्च शिक्षा परियोजनाको सम्पन्न प्रतिवेदन (इम्प्लिमेन्टेसन कम्प्लिसन् रिपोर्ट) ले उच्च शिक्षा नीतिको मस्यौदालाई परियोजनाको महत्त्वपूर्ण उपलब्धि मानेको छ (द वर्ल्ड बैंक सन् २०१४) ।

थियो । उक्त समितिले उच्च शिक्षा क्षेत्रका पाँच ओटा महत्त्वपूर्ण विषय/क्षेत्र पहिचान गरी विषयगत समितिहरू बनाएको थियो ।[१७] पाँच ओटै विषयगत समितिका प्रतिवेदनलाई समन्वय गरी एकीकृत प्रस्ताव तयार गर्नका लागि एउटा मूल समिति गठन गरिएको थियो । नीति तयार गर्ने क्रममा विभिन्न समितिले शिक्षासँग सरोकार राख्ने शिक्षाविद्, प्रशासक, बुद्धिजीवी, राजनीतिक व्यक्तित्व, पत्रकार, शिक्षक, कर्मचारी एवं विद्यार्थी संगठनका प्रतिनिधिसँग मुलुकका विभिन्न भागमा अन्तरक्रिया गरेका थिए । यी अन्तरक्रियाका अधारमा 'उच्च शिक्षा नीति प्रस्तावना'को मस्यौदा बनाई २०७१ वैशाखमा विश्वविद्यालय अनुदान आयोगले शिक्षा मन्त्रालयमा पेश गरेको थियो । र, शिक्षा मन्त्रालय स्रोतका अनुसार मस्यौदाको परिमार्जित रूप २०७२ असोजसम्म आइपुग्दा मन्त्रिपरिषद्बाट स्वीकृत हुने चरणमा पुगेको छ । यद्यपि, उच्च शिक्षा नीति मन्त्रिपरिषद्बाट स्वीकृत हुनुपूर्व नै यस नीतिमा आधारित 'उच्च शिक्षा सुधार र विकासको राष्ट्रिय कार्यक्रम' भने बनेर कार्यान्वयनमा समेत आइसकेको छ ।

अध्ययनमा छनोट गरिएका सबै पत्रिकाले प्रस्तावित उच्च शिक्षा नीति र यसबारे आयोजित कार्यक्रमसम्बन्धी समाचार प्रकाशन गरेको देखिन्छ । उदाहरणका लागि, *कान्तिपुर*ले २२ फेब्रुअरी २०१३ मा 'उच्च शिक्षा नीतिबारे छलफल' शीर्षकमा (कान्तिपुर सन् २०१३) समाचार छापेको थियो भने *गोरखापत्र*ले १५ अगष्ट २०१३ मा (गोरखापत्र सन् २०१३) र *द राइजिङ नेपाल*ले २२ फेब्रुअरी र १५ अगष्टमा त्यस्तै कार्यक्रमसम्बन्धी समाचार प्रकाशित गरेका थिए (द राइजिङ नेपाल सन् २०१३ए, सन् २०१३बी) । त्यसै गरी *रिपब्लिका*ले १७ अप्रिल २०१४ मा विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षा नीतिको मस्यौदा शिक्षा मन्त्रालयमा बुझाएको समाचार (रिपब्लिका सन् २०१४) प्रकाशन गरेको थियो । *अन्नपूर्ण पोष्ट*ले २६ अप्रिल २०१४ मा 'उच्चशिक्षा सुधार्न अलग निकाय प्रस्ताव' शीर्षकमा (पाण्डे सन् २०१४) समाचार प्रकाशन गर्‍यो १२ डिसेम्बर २०१४ मा *द हिमालयन टाइम्स*ले सरकारले चाँडै नै उच्च शिक्षा नीति तर्जुमा गर्ने भन्दै समाचार छाप्यो (पोखरेल सन् २०१४) । त्यस्तै, *द काठमाण्डू पोष्ट*ले २४ फेब्रुअरी २०१५ मा शिक्षा मन्त्रालयले नयाँ नीति घोषणा गर्ने समाचार

[१७] ती पाँच विषयगत समिति यी हुन् : १) उच्च शिक्षा विकासको सान्दर्भिकता एवं समसामयिक दिशानिर्देश, २) उच्च शिक्षा संस्थाहरूको स्थापना तथा सुदृढीकरण, ३) स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालित उच्च शिक्षा संस्थाहरूको नियमन, ४) उच्च शिक्षामा गुणस्तरको सुनिश्चितता र ५) उच्च शिक्षामा आर्थिक व्यवस्थापनको नियमन (विश्वविद्यालय अनुदान आयोग २०७० : ४) ।

प्रकाशन गरेको थियो (घिमिरे सन् २०१५) । तर, नेपाली र अंग्रेजी दुवै भाषामा प्रकाशित अधिकांश समाचारले प्रस्तावित उच्च शिक्षा नीति बन्ने सन्दर्भ, प्रक्रिया र उक्त नीतिमा उल्लेखित प्रावधानबारे जुन गहिराइमा रिपोर्टिङ गर्नुपर्थ्यो, सो गर्न सकेको देखिएन ।[१८] उदाहरणका लागि प्रस्तावित उच्च शिक्षा नीतिको मस्यौदामा उच्च शिक्षामा दीर्घकालीन महत्त्व राख्ने प्रावधान रहेका छन् । जस्तो, नीतिको मस्यौदामा केन्द्रीय स्तरमा आयोग, महाशाखा, बोर्ड र समिति गरी कम्तिमा १० ओटा नयाँ संस्थागत संरचना स्थापना गर्ने उल्लेख छ ।[१९] राज्यव्यवस्था संघीय प्रणालीमा जाने तयारी भैरहेको अवस्थामा उच्च शिक्षालाई व्यवस्थापन तथा नियमन गर्नका लागि यति धेरै र नयाँ केन्द्रीय संस्थागत संरचना किन व्यवस्था गरियो भन्नेबारे कुनै पत्रिकाले प्रश्न उठाएको देखिएन, न यसबारे विश्वविद्यालय पदाधिकारी तथा शिक्षक र विज्ञका विचारलाई समेटियो ।

उच्च शिक्षा नीतिको प्रस्तावनामा यस्ता थुप्रै समस्यामूलक प्रावधान छन्, जसलाई छापाले आफ्ना रिपोर्टिङमार्फत सार्वजनिक बहसको विषय बनाउन सक्थे । उदाहरणका लागि प्रस्तावित नीतिमा रहेका केही प्रावधान हेरौँ : विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा परिवर्तन गर्न दिइएको सुझाव किन आवश्यक भयो ? विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षण जनशक्तिको नियुक्ति र बढुवा गर्न विद्यमान लोक सेवा आयोग जस्तै 'राष्ट्रिय उच्च शिक्षा सेवा आयोग'को प्रावधान कति व्यावहारिक छ ? सिनास, सेडा, रिकाष्ट र सेरिड जस्ता अनुसन्धान संस्था प्रभावकारी रूपमा सञ्चालन हुन नसकिरहेको अवस्थामा किन थप ६/६ ओटा नयाँ अनुसन्धान संस्था गठन गर्ने महत्त्वाकांक्षा प्रस्तावित

[१८] अध्ययन गरिएका पत्रिकामध्ये *द हिमालयन टाइम्सले* मात्र प्रस्तावित उच्च शिक्षा नीतिका प्रावधानको विवरण दिएको देखिन्छ (पोखरेल सन् २०१४) ।

[१९] प्रस्तावित संरचना यसप्रकार छन् : (१) विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गरी सो आयोगलाई उच्च शिक्षाको विकास, समन्वय, अनुगमन र सहयोगीको भूमिका तथा जिम्मेवारी, (२) उच्च शिक्षा हेर्नका लागि शिक्षा मन्त्रालयमा छुट्टै 'उच्चस्तरीय निकाय,' (३) देशको समग्र उच्च शिक्षा विकासबारे योजना बनाउन, कार्यान्वयन तथा अनुगमन गर्न, विश्वविद्यालयलगायत शैक्षिक संस्थाहरूको विस्तार तथा सम्बन्धनलाई नियमन गर्न राष्ट्रिय उच्च शिक्षा बोर्ड, (४) स्वायत्त राष्ट्रिय प्रत्यायन बोर्ड, (५) उच्च शिक्षाको समग्र आर्थिक नीति निर्धारण, व्यवस्थापन तथा आर्थिक नियमनका लागि उच्च शिक्षा वित्तीय व्यवस्थापन बोर्ड, (६) विद्यार्थी वित्तीय सहायता कोष, (७) पाठ्यक्रमको समकक्षता निर्धारण, उपाधिहरूको परस्पर मान्यता एवं क्रेडिट स्थानान्तरणको संस्थागत व्यवस्थापनका लागि छुट्टै राष्ट्रिय बोर्ड, (८) उच्च शिक्षा संस्थाहरूमा शिक्षक भर्ना, आचार संहिताको पालना, सेवाको व्यवस्थापन एवं व्यावसायिक क्षमता अभिवृद्धिका लागि राष्ट्रिय उच्च शिक्षा सेवा आयोग, (९) विश्वविद्यालय समन्वय समितिको थप सुदृढीकरण, र (१०) उच्च शिक्षा अनुसन्धान परिषद् ।

नीतिले लियो ? यी र यस्ता प्रावधानका बारेमा छापा माध्यमले उच्च शिक्षामा सरोकार राख्ने सबै पक्षको विचारलाई स्थान दिँदै आलोचनात्मक छलफल गर्न सक्थे ।[२०] अथवा, पत्रिकाहरू आफैले रिपोर्ट गर्न नसक्ने अवस्थामा विभिन्न व्यक्तिलाई त्यस्ता प्रावधानका पक्ष र विपक्षमा लेख्न लगाएर बहस गराउन सक्थे । यसका लागि सम्पादन समूहको सामान्य प्रयत्न भए पनि पुग्थ्यो तर त्यसो हुन सकेको देखिएन, सामुहिक प्रयत्न (टीम वर्क) त परै जाओस् ।

सरसर्ती हेर्दा नेपाली दैनिक पत्रिकाको तुलनामा अंग्रेजी दैनिक पत्रिकाको यस विषयको कभरेज अथवा दिइएको स्थान तुलनात्मक रूपमा राम्रो देखिन्छ । उदाहरणका लागि, *द राइजिङ नेपाल, द हिमालयन टाइम्स* तथा *द काठमाण्डू पोष्टले* उच्च शिक्षा नीतिको प्रस्तावित संरचनात्मक ढाँचालाई प्रस्तुत गर्दै विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रूपान्तरण गर्ने समाचार प्रकाशित गरेका थिए (हेर्नुहोस्, द राइजिङ नेपाल सन् २०१३ए, पोखरेल सन् २०१४ र घिमिरे सन् २०१५) । तर यी प्रस्तावित संरचनात्मक प्रावधान उच्च शिक्षामा किन लागू गर्नुपर्‍यो र यी प्रावधानका कार्यान्वयनले उच्च शिक्षालाई कुन बाटोमा डोर्‍याउँछ भन्नेबारे त्यहाँ केही उल्लेख गरिएको पाइँदैन । नेपाली भाषी दैनिकमा उच्च शिक्षा नीतिको मस्यौदामा भएका विषयवस्तुभन्दा पनि कार्यक्रमस्थल, आयोजक, छलफलमा सहभागी वक्तालाई जोड दिएका समाचार प्रकाशन गरिएका छन् । यहाँनेर पनि नेपाली मिडियाको सतहीपना प्रस्टै झल्किन्छ । उसले यो नीतिबारे कुनै खँदिला प्रश्न गरेको छैन, विश्लेषण, विवेचना गरेको छैन । अर्को शब्दमा भन्ने हो उसले खासै सरोकार देखाएको अनुभूति हुँदैन ।

## निष्कर्ष

विश्व बैंकको सहुलियत ऋणमा भर्खरै सुरु भएको उच्च शिक्षा सुधार परियोजना (सन् २०१५–२०२०) र विश्वविद्यालय अनुदान आयोगले दोस्रो उच्च शिक्षा परियोजनाको सहयोगमा तर्जुमा गरेको (प्रस्तावित) उच्च शिक्षा नीतिबारे मूलधारका छापाले गरेका कभरेजलाई यो संक्षिप्त टिप्पणीमा सरसर्ती केलाइयो । यहाँ समेटिएका छापा देशका प्रमुख पत्रिकामा गनिन्छन् र तीमध्ये कतिपयमा शिक्षा बिट भएको तथा सो बिट कभर गर्ने रिपोर्टरसमेत भएको बुझिन्छ ।

[२०] प्रस्तावित उच्च शिक्षा नीतिबारे थप जान्नका लागि मार्टिन चौतारी (२०७१ र सन् २०१५) हेर्नुहोस् । पछिल्लो अंग्रेजी संस्करण नेपाली संस्करणको संशोधित अनुवाद हो । राष्ट्रिय उच्च शिक्षा सेवा आयोग किन गलत संरचना हो भन्ने तर्कका लागि हेर्नुहोस्, उप्रेती र वन्त (२०७२) ।

विशेष गरी बिट रिपोर्टिङ गर्नेले उच्च शिक्षा सुधार परियोजनाकेन्द्रित रिपोर्टिङ गर्दा जुन तहको गम्भीरता र गहनता देखाउनु पर्थ्यो त्यो यी रिपोर्टिङमा देखिँदैन । त्यसो किन भयो, हामी अनुमान मात्र गर्न सक्छौँ ।[२१] पहिलो, सरकारको जस्तै पत्रपत्रिकाको पनि शिक्षा क्षेत्रमा केही ध्यान भए पनि उच्च शिक्षा क्षेत्र प्राथमिकतामा पर्दैन । धेरै हदसम्म हाम्रो पत्रकारिताको केन्द्रमा राजनीतिक विषयवस्तु[२२] भएकाले अन्य विषयसम्बन्धित गहन रिपोर्टिङमा त्यति 'ग्ल्यामर' देखिन्न, र ती पाखा परेको अवस्थामा छन् । उच्च शिक्षा क्षेत्रमा 'घटना-केन्द्रित' (इभेन्ट ड्रिभन) अथवा 'भन्नुभयो/बताउनुभयो' एवं 'प्रेस वक्तब्य पत्रकारिता' हावी छ ।

दोस्रो, हामीले यहाँ केलाएका विषय – प्रस्तावित उच्च शिक्षा नीति र पछिल्लो उच्च शिक्षा सुधार परियोजना – जटिल विचार, विषय र कार्यक्रमका समष्टि हुन्, जसमा विभिन्न सरकारी निकाय, विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, र अन्य अनुगमनकारी संस्थाहरूको संलग्नता रहन्छ । सतही तवरबाट हेर्दा उच्च शिक्षाका प्रमुख अवयवमा विश्वविद्यालयका व्यवस्थापकहरू, अध्यापकहरू र विद्यार्थीहरू देखिन्छन्, तर यीबाहेक राजनीतिक र वित्तीय संस्थाको सम्बन्ध र संलग्नता पनि उत्तिकै जेलिएको छ । यस्तो जेलिएको सम्बन्धको पोकोबारे पर्याप्त बुझाइका लागि उच्च शिक्षालाई बिट बनाउने पत्रकारहरूले धेरै तर अन्तरसबन्धित डकुमेन्टहरू भेट्टाउन र तिनलाई पढ्न-बुझ्न सक्नुपर्छ । प्रायः अंग्रेजीमा मात्र उपलब्ध हुने यी सामग्रीमध्ये केही सम्बन्धित निकायका वेबसाइटमा या केही कार्यालय विशेषमा मात्र उपलब्ध हुन्छन्, अथवा सहजै प्राप्य नहुन पनि सक्छन् । त्यसैले त्यस्ता सामग्री खोजेर ती डकुमेन्टका अन्तर्य (लाइनबीचको गुह्य) पढ्न सक्ने हुनुपर्छ हाम्रा बिट पत्रकारहरू । त्यस्तै, यी प्रतिवेदन या अभिलेखमा उपलब्ध जानकारीलाई ती कार्यक्रमका व्यवस्थापक या पदाधिकारीले अन्तर्वार्ताहरूमा दिने जानकारी र यी

[२१] नेपाली मिडियाले विभिन्न मुद्दा या विषयवस्तु या सामाजिक समूहविशेषबारे (उदाहरणका लागि राजनीति, महिला, दलित, वातावरण, गरिबी, शिक्षा, आदि) प्रकाशन/प्रसारण गरेका सामग्रीमा आधारित रही अन्तर्वस्तु विश्लेषण गरिएको पाइन्छ (उदाहरणका लागि वन्त, पराजुली र पराजुली सन् २००२, वन्त र पराजुली सन् २००३, पराजुली र वन्त सन् २००३ मा संकलित लेखहरू र एजुकेशन जर्नलिष्ट्स ग्रुप सन् २००५ हेर्नुहोस्) । ती अध्ययनका मुख्य निष्कर्षसँग सम्मति जनाउँदै यहाँ हामीलाई लागेका थप केही कारणबारे मात्र चर्चा गरेका छौँ ।

[२२] शिक्षा राजनीतिसँग गाँसिएको विषयवस्तु हुँदै हो तर यहाँ राजनीतिक विषय भनेर शासन सत्तासँग प्रत्यक्ष गाँसिएका गतिविधिलाई जनाइएको छ ।

क्षेत्रमा दखल राख्ने स्वतन्त्र अनुसन्धाताका ती विषयबारेका विचार समेतलाई भिडाई (ट्र्याङ्गुलेट गरेर) बुझ्न सक्ने हुनुपर्छ । यो विषय या क्षेत्रप्रति प्रतिबद्ध भएको र अलि लामो समय सोही बिटमा लगनशील भएर काम गरेपछि मात्र यस्तो खालको दक्षता हासिल हुनसक्छ । तर दलमा आधारित राजनीतिक रिपोर्टिङतर्फ नेपाली मिडियाका न्यूजरुमहरूको अतिशय आशक्ति रहँदा त्यस्ता न्यूजरुमले अन्य महत्त्वपूर्ण बिटका रिपोर्टरहरूको क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक सहयोगी वातावरण र प्रोत्साहन प्याकेजको व्यवस्था गर्न सकेका छैनन् भन्ने हामीलाई लाग्छ ।

तेस्रो, यस्ता जटिल विषयवस्तुमा रिपोर्टिङ गर्दा न्यूजरुमका विभिन्न सदस्यबीच 'टीम वर्क'को आवश्यकता पर्छ । उदाहरणका लागि काठमाडौँमा रहेका बिट रिपोर्टरले विषयवस्तुमाथि केन्द्रीयस्तरमा खोजबिन गरी तयारी गर्ने, नेपालका विभिन्न ठाउँमा रहेका संवाददाताले स्थलगत रिपोर्ट तयार गर्ने तथा दक्ष कपी सम्पादकहरूले लामा अथवा शृंखलाबद्ध रिपोर्टहरूलाई प्रस्तुति, भाषा दुवै हिसाबले पठनीय बनाउन सघाउन सक्छन् । टीम वर्कका लागि प्रमुख संवाददाता र कमिसनिङ सम्पादक अथवा प्रमुख सम्पादकबीच संयोजनकारी र नेतृत्वदायी भूमिका आवश्यक पर्छ । सम्पादकीय नेतृत्व राम्रा रिपोर्टको उत्पादन र तिनलाई प्रकाशनयोग्य तुल्याउने कामको संयोजनका लागि मात्रै चाहिने होइन कि समूहका सदस्यलाई आवश्यक प्रोत्साहन दिनका लागि पनि चाहिन्छ । सञ्चार गृहहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि पनि सम्पादकीय नेतृत्व आवश्यक पर्छ । उदाहरणका लागि उपलब्ध संशाधनलाई राम्ररी प्रशोधन गर्ने काबिल डकुमेन्टेसन अधिकारी भएको राम्रो पुस्तकालय र ब्याकग्राउण्ड अनुसन्धान गर्ने अनुसन्धाता, आदिको व्यवस्था हुने हो भने रिपोर्टको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ । त्यस्तै, कहिलेकाहीँ विभिन्न संस्थाका नेतृत्व तहका व्यक्ति – जो सामान्य संवाददातालाई अन्तर्वार्ता दिन या उनीहरूसँग कुराकानी गर्न हिच्किचाउँछन् – सँगको अन्तर्वार्ता या कुराकानी सम्भव तुल्याउन पनि पत्रिकाको नेतृत्व तहको भूमिका हुन्छ । तर, दुर्भाग्य हामीकहाँ यस्ता नेतृत्वदायी र संयोजनकारी भूमिका निर्वाह गर्न सक्ने सम्पादकहरूको अभाव नै छ जसले गर्दा उच्च शिक्षा जस्तो सार्वजनिक सरोकारका क्षेत्रमा गहन रिपोर्टिङ सम्भव भएको छैन ।

माथि उल्लेख गरिए झैँ विशिष्टीकृत बिट रिपोर्टर, सामुहिक प्रयत्न र सम्पादकीय नेतृत्वलाई नेपालको न्यूजरुममा एक ठाउँमा ल्याउन नसकेसम्म नेपालको उच्च शिक्षासम्बन्धी रिपोर्टहरू घटना–मुखी, 'भन्नुभयो/बताउनुभयो' र 'प्रेस

वक्तव्य पत्रकारिता' भन्दा पर जान सक्नेमा हामीलाई शंकै छ । आफूलाई समाजको पहरेदार घोषणा गर्ने नेपाली पत्रकारिता क्षेत्रका लागि यो सुखद् 'समाचार' होइन ।

## धन्यवाद

उच्च शिक्षासम्बन्धी पत्रपत्रिकामा प्रकाशित सामग्री संकलन गर्ने काममा संलग्न मार्टिन चौतारीका साथीहरू रमिता महर्जन, शकबहादुर बुढाथोकी, अंकलाल चलाउने, रमेश निरौला र दलबहादुर श्रेष्ठलाई धन्यवाद दिन्छौँ ।

## सन्दर्भ सामग्री

अन्नपूर्ण पोष्ट । सन् २०१५ । उच्चशिक्षा सुधार्न पाँचवर्षे परियोजना । १२ जुन, पृ. २ ।

उप्रेती, देवेन्द्र र प्रत्यूष वन्त । २०७२ । विश्वविद्यालयमा केन्द्रिकृत सेवा आयोग । *नागरिक*, १० भदौ, पृ. ७ ।

कान्तिपुर । सन् २०१३ । उच्च शिक्षा नीतिबारे छलफल । २२ फेब्रुअरी, पृ. ४ ।

कान्तिपुर । सन् २०१५ । उच्च शिक्षा सुधार परियोजना सुरु । १२ जुन, पृ. ४ ।

गोरखापत्र । सन् २०१३ । आर्थिक समृद्धिका लागि दक्ष जनशक्ति आवश्यक । १५ अगष्ट, पृ. १/४ ।

गोरखापत्र । सन् २०१५ । उच्च शिक्षा सुधार परियोजना । १२ जुन, पृ. ५ ।

घिमिरे, विजय । २०६४ । नेपालमा आर्थिक पत्रकारिता । *मिडिया अध्ययन* २ : १६३–१७९ ।

घिमिरे, शरद । २०७१ । नेपालमा जलवायु परिवर्तनको सञ्चार : छापामाध्यमको अध्ययन । *मिडिया अध्ययन* ९ : ३–२३ ।

तिवारी, रुही । २०७१ । नेपालको समकालीन मूलधारका अंग्रेजी पत्रिकामा ग्रामीण रिपोर्टिङको अवस्था । *मिडिया अध्ययन* ९ : ५५-७६ ।

नागरिक । सन् २०१५ । उच्च शिक्षा सुधार परियोजना सुरु । १२ जुन, पृ. ६ ।

पराजुली, रमेश र प्रत्यूष वन्त, सं. । सन् २००३ । *मिडिया उत्पादन र अन्तर्वस्तु* । काठमाडौं : मार्टिन चौतारी, सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त । २०७२ । सुध्रेला नेपालको उच्च शिक्षा ? त्रिवि केन्द्रित सुधार परियोजनाको लेखाजोखा । *शिक्षक* ८९ : ३४–३९ ।

पाण्डे, सूर्यप्रसाद । सन् २०१४ । उच्चशिक्षा सुधार्न अलग निकाय प्रस्ताव । *अन्नपूर्ण पोष्ट*, २६ अप्रिल, पृ. २ ।

मार्टिन चौतारी । २०७१ । *प्रस्तावित उच्च शिक्षा नीति* (नीति समीक्षापत्र, अंक १३) । काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७२ । *त्रिभुवन विश्वविद्यालयमा विकेन्द्रीकरण र स्वायत्तता* (शोध-संक्षेप, अंक १६) । काठमाडौँ : मार्टिन चौतारी ।

राई, गणेश । २०६५ । शैक्षिक समाचार बिट र शिक्षा पत्रकार समूह । *मिडिया अध्ययन* ३ : ३१९-३३४ ।

वन्त, प्रत्यूष । २०६७ । शिक्षकका २४ अंक : विषयगत पत्रकारिताको उपलब्धि । *शिक्षक* २५ : २६-२८ ।

वन्त, प्रत्यूष र रमेश पराजुली, सं. । सन् २००३ । *मिडियाको चिरफार : केही सामाजिक सन्दर्भ* । काठमाडौँ : मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

वन्त, प्रत्यूष, रमेश पराजुली र रमा पराजुली, सं. । सन् २००२ । *मिडियाको अन्तर्वस्तु : विविध विश्लेषण* । काठमाडौँ : मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

विश्वविद्यालय अनुदान आयोग । २०७० । उच्च शिक्षा नीतिको प्रस्तावना । अप्रकाशित प्रतिवेदन ।

Baker, Mike. 1994. Media Coverage of Education. *British Journal of Educational Studies* 42(3): 286–297.

Education Journalists Group. 2005. Education in Nepali Media, (Final Report, unpublished). Education Journalist's Group, Kathmandu.

Ghimire, Binod. 2015. Ministry Set to Unveil New Policy. *The Kathmandu Post*, 24 February, p. 2.

Malla, Kamal Prakash. 1995. *Tertiary Education in Nepal: An Assessment of the Structure, Management, Financing, Quality and Physical Facilities*. Kathmandu: HMG/TU/UNDP/World Bank.

Martin Chautari. 2015. *Proposed Higher Education Policy* (Policy Review Brief 13). Kathmandu: Martin Chautari.

Pokhrel, Rajan. 2014. Govt to Unveil Higher Education Policy Soon. *The Himalayan Times*, 12 December, p. 1.

Rai, Om Astha. 2011. UGC Focus on Community-run Colleges. *República*, 20 February, p. 2.

Republica. 2010. UGC Gives Up Campus Autonomy Project; TU Takes Over. 17 July, p. 3.

Republica. 2014. UGC Submits Draft Higher Education Policy to MoE. 17 April, p. 3.

The Himalyan Times. 2015. WB Approves $65 Million Credit for NHERP. 21 February, p. 2.

The Kathmandu Post. 2015. World Bank Loan for Higher Education Reform Project. 21 February, p. 3.

The Rising Nepal. 2013a. Politics Spoiling Higher Education: Experts. 22 February, p. 1.

The Rising Nepal. 2013b. Regmi Calls for Supporting Government in Holding CA Polls. 15 August, p. 1/6.

The Rising Nepal. 2015a. World Bank to Provide US$ 65M for Education Reforms. 22 February, p. 3.

The Rising Nepal. 2015b. Higher Education Reform Project Launched. 12 June, p. 4.

The World Bank. 1993. Staff Appraisal Report: Higher Education Project. Report No. 11924-NEP. Population and Human Resource Division, Country Department I, South Asia Region.

The World Bank. 2002. *Implementation Completion Report (IDA-25600) on a Credit in the Amount of SDR 14.2 Million (US$20.0 Million Equivalent) to the Kingdom of Nepal for a Higher Education Project*. Kathmandu: Human Development Sector Unit, Nepal Country Unit, South Asia Region.

The World Bank. 2007. Project Appraisal Document on a Proposed Grant in the Amount of SDR 41.6 Million (US$60.0 million equivalent) to Nepal for a Second Higher Education Project. Report No. 34916-NEP. Human Development Unit, South Asia Region.

The World Bank. 2012. Restructuring Paper on a Proposed Project Restructuring of Second Higher Education Project (Grant Number: H274-Nep). February 22, 2007 to Nepal. Human Development Unit, South Asia Region.

The World Bank. 2014. Implementation Completion and Results Report (IDA Grant-H274-NP) on a Grant in the Amount of SDR 41.6 Million (US$ 60.0 million equivalent) to Nepal for a Second Higher Education Project. Report No. ICR00002849. Bangladesh, Bhutan, Nepal Country Management Unit, South Asia Region.

The World Bank. 2015. World Bank Approves Financing for Nepal Higher Education Reforms Project. WASHINGTON D.C., 19 February. Available at www.worldbank.org/en/news/press-release/2015/02/19/world-bank-approves-financing-for-nepal-higher-education-reforms-project; accessed 12 August 2015.

## अनुसूची १ : उच्च शिक्षा सुधार परियोजना स्वीकृतिसम्बन्धी विश्व बैंकद्वारा जारी विज्ञप्ति र त्यसबारेका समाचार

THE WORLD BANK
IBRD • IDA

English | Search

ABOUT DATA RESEARCH LEARNING NEWS PROJECTS & OPERATIONS PUBLICATIONS COUNTRIES TOPICS

News

PRESS RELEASE

# World Bank Approves Financing for Nepal Higher Education Reforms Project

February 19, 2015

TWEET | LIKE | SHARE

**WASHINGTON D.C., February 19, 2015** — The World Bank today approved a US$65 million credit for the Nepal Higher Education Reforms Project to help address the human resource needs of the country and add to the national knowledge base.

The project intends to support reforms in selected institutions for improving quality, relevance, and efficiency of higher education; and to assist under-privileged students for equitable access.

The project will focus on implementation of reforms in different areas including more effective public funding of higher education institutions, institutionalization of the national accreditation system, greater institutional autonomy, strengthening of the examination system, expansion of new academic programs and research and financial support for under-privileged students.

*"Investing in human capital is critical for Nepal,"* said **Takuya Kamata, the World Bank's Country Manager for Nepal**. *"This Project will help support key institutional reforms in the higher education sector allowing graduates – including those from disadvantaged backgrounds - to acquire relevant and higher quality skills to be better able to respond to labor market needs"* he said.

The project is part of the National Program for Higher Education Reform and Development (NPHERD). It is expected to benefit over 500,000 current and future students of over 150 public universities and affiliated campuses through different interventions.

The credit carries a maturity of 38 years including 6 years of grace period.

*(Source: The World Bank 2015)*

# World Bank to provide US$ 65M for education reforms

By A Staff Reporter
Kathmandu, Feb 20

The World Bank (WB) has announced to provide US$65 million credit for the Nepal Higher Education Reforms Project with an objecting to address the human resource needs of the country.

Issuing a press statement, WB stated that the project intended to support reforms in selected institutions for improving quality, relevance, and efficiency of higher education and to assist under-privileged students for equitable access.

"The project will focus on implementation of reforms in different areas including more effective public funding of higher education institutions, institutionalization of the national accreditation system, greater institutional autonomy, strengthening of the examination system, expansion of new academic programs and research and financial support for under-privileged students," WB said in its statement.

Takuya Kamata, the World Bank's Country Manager for Nepal, said that this project would help support key institutional reforms in the higher education sector to acquire higher quality skills to be better able to respond to labor market needs.

According to WB, the project is a part of the National Programme for Higher Education Reform and Development (NPHERD). And, the project is expected to benefit over 500,000 current and future students of over 150 public universities and affiliated campuses through different interventions.

*(Source: The Rising Nepal, 22 February 2015, p. 3)*

Saturday, February 21, 2015

# World Bank loan for higher education reform project

**POST REPORT**
KATHMANDU, FEB 20

The World Bank on Thursday approved a $65 million (around Rs 6.4 billion) credit for the Nepal Higher Education Reforms Project to help address human resource needs of the country and add to the national knowledge base.

The project intends to support reforms in selected institutions for improving quality, relevance and efficiency of higher education; and to assist underprivileged students for equitable access. Issuing a press statement, the World Bank said the project will focus on implementation of reforms in various areas, including more effective public funding of higher education institutions, institutionalisation of national accreditation system, greater institutional autonomy, strengthening of the examination system, expansion of new academic programmes and research and financial support for underprivileged students.

> The project supports reforms in selected institutions for quality higher education and assists underprivileged students

"Investing in human capital is critical for Nepal," the statement quoted Takuya Kamata, the World Bank's country manager for Nepal, as saying. "This Project will help support key institutional reforms in the higher education sector allowing graduates—including those from disadvantaged backgrounds—to acquire relevant and higher quality skills to be better able to respond to labour market needs."

The project, according to the statement, is part of the National Program for Higher Education Reform and Development which is expected to benefit over 500,000 current and future students of over 150 public universities and affiliated colleges.

*(Source: The Kathmandu Post, 21 February 2015, p. 3)*

# WB approves $65 million credit for NHERP

**Himalayan News Service**

*Kathmandu, February 20*

The World Bank today approved a $65 million credit for Nepal Higher Education Reforms Project to help address the country's need for human resources.

The project intends to support reforms in selected institutions for improving quality, relevance and efficiency of higher education and to assist underprivileged students for equitable access.

According to a press release issued by the WB today, the project will focus on implementation of reforms in different areas, including more effective public funding of higher education institutions, institutionalisation of the national accreditation system, greater institutional autonomy, strengthening of the examination system, expansion of new academic programme and research and financial support for under-privileged students.

"Investing in human capital is critical for Nepal and this project will help support key institutional reforms in the higher education sector, allowing graduates — including those from disadvantaged backgrounds — to acquire relevant and higher quality skills to be better able to respond to the market needs," said Takuya Kamata, World Bank Country Manager for Nepal.

The project is part of the National Programme for Higher Education Reform and Development. It is expected to benefit over 500,000 current and future students of over 150 public universities and affiliated campuses through different interventions. The credit carries a maturity of 38 years including six years grace period.

*(Source: The Himalaya Times, 21 February 2015, p. 2)*